नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिहदरबार काठमाण्डौ, नेपाल ।

पं. सं. ०६७६८ अनुगमन शाखा । ( अनुगमन शाखा )

च.नं. : मिति : २०६७/०९/२८

विषय : **निर्णय कार्यान्वयन एवं अनुगमनको हाल सम्मको प्रगति सम्बन्धमा** ।

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

(शासकीय सुधार महाशाखा) सिँहदरवार काठमाण्डौ ।

**बिशेष ध्यानाकर्षण : शाखा अधिकृत श्री हुमकला पाण्डे ।**

उपरोक्त बिषयमा तहाँको च.न. २२३ मिति २०६७/९/२१ को प्राप्त पत्रानुसार माग भई आएको यस आ.व.को निर्णय कार्यान्वयन तथा अनुगमनको प्रगति विवरण निम्नानुसार भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

**निम्न**

***प्रकरण नं (क) अनुगमन सम्बन्धमा***

१. यस मंत्रालयस्तरीय अनुगमन समिति अन्तरगत पूर्वाधार तथा पुनर्निर्माण महाशाखाका सह सचिव

(सु.इ) श्री दीपेन्द्रनाथ शर्माको अध्यक्षतामा सरोकारवाला निकायका प्रतिनिधि समेत रहेको छुट्टै संयुक्त अनुगमन टोली गठन भै गत वर्ष देखी क्रियाशिल रहेको छ ।

२ उक्त संयुक्त अनुगमन टोलीले गत बर्ष यस मंत्रालयद्धारा अनुगमन तथा मूल्याङ्गनको क्रममा प्रयोग भईआएको पुनर्निर्माण सम्बन्धी अंग्रेजी भाषामा रहेको अलग चेकलिष्ट तथा राहत , पुनर्स्थापन र अन्य नियमित कार्यक्रम सम्बन्धी नेपाली भाषमा रहेको अलग चेकलिष्टलाई विगतको अनुभव समेत समावेश गरी पुन: एकिकरण गरी दुबैलाई नेपाली भाषामा नै अनुवाद गरी एउटै चेकलिष्टबाट दुबै खालका कार्यक्रमको अनुगमन गर्न र प्रशासनका कर्मचारीले समेत सजिलै भर्न सक्ने गरी मोडेरेशन गर्ने काम सम्पन्न गरेको छ । उक्त चेकलिष्टको नमूना यसै हप्ता भित्रमा यस मन्त्रालयको वेभ साईट www.peace.gov.np मा राख्न सकिने गरी काम भैरहेको छ ।

३ यस बर्ष संचालनमा रहेका सबै राहत तथा पुनर्निर्माणका आयोजनाहरुको स्थलगत अनुगमन गर्ने कामका लागि टोली खटाउने काम यसै चौमासिक देखि शूरु गर्ने प्रयाश तदारुकताका साथ भैरहेको छ ।

४ देश भरिमा संचालित पुनर्निर्माण तथा राहत र अन्य नियमित कार्यक्रमहरुको स्थलगत अनुगमन गर्न मन्त्रालयका ५ जना सहसचिवको संयोजकत्वमा ५ वटा अनुगमन टोली गठनगर्ने काम अन्तिम चरणमा पुगेको छ ।

५ प्रकरण नं. (४) को सहसचिवको संयोजकत्वमा रहेको टोली मातहतमा रहने एवं १ जना ईञ्जिनियर प्रत्येक टोलीमा अनिवार्य रुपमा राखी उप सचिव स्तरको कर्मचारीको अगुवाईमा १४ वटा अञ्चल हेर्ने गरी छुट्टै १४ वटा अंचलस्तरीय अनुगमन टोली गठन गर्ने काम पनि अन्तिम चरणमा पुगेको छ ।

**क्रमश:::: २ पानामा**

६ अनुगमनको क्रियाकलापलाई हरेक वर्षको दोस्रो चौमासिक देखि क्रियाशिल वनाउने नीतिगत निर्णय गत वर्षनै भई सोही वमोजिम यस बर्ष पनि कार्यान्वयन भै रहेको छ ।

**<u>प्रकरण नं (ख) उच्च पदस्थ कर्मचारीहरुको भ्रमण सम्बन्धमा</u>**

१ मन्त्रालयका श्रीमान सचिवज्यूको अगुवाईमा २०६७ साल कार्तिक महिनामा लिडरसिप डेपलपमेन्ट तालिम लिन यस मन्त्रालयका १० जना अधिकृतहरुले थाईल्याण्ड र एवं इण्डोनेसियाको भ्रमण गरेको र सोही तालिमको तेश्रो मोड्यूलको तालिम नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा पूरा गरेको छ ।

२ २०६७ साल पौष महिनामा श्रीमान सचिवज्यू एवं सहसचिव श्री केदार न्यौपानेद्धारा धनकुटा,तेऱ्हथुम,संखुवासभा जिल्लाको भ्रमण गरी मन्त्रालय अन्तरगतका पुनर्निर्माण तथा राहत कार्यक्रमको निरीक्षण गरी समयमा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न कार्यान्वयन निकाय तथा पदाधिकारीलाई निर्देशन दिनुका साथै स्थानीय शान्ति समिति र सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

३ २०६७ साल पौष महिनामा श्रीमान सचिवज्यू , सहसचिव श्री दीपेन्द्रनाथ शर्मा र सहसचिव साधुराम सापकोटाद्धारा स्याङजा जिल्लाको भ्रमण गरी मन्त्रालयबाट संचालित पुनर्निर्माण तथा राहतका आयोजना एवं कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी समयमा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न कार्यान्वयन निकाय तथा पदाधिकारीलाई निर्देशन दिनुका साथै स्थानीय शान्ति समितिसंग अन्तरक्रिया कार्यक्रमसम्पन्न भएको छ । सोही भ्रमणको कममा तनहू र कास्की जिल्लाको हकमा स्थानीय शान्ति समिति गठन सम्बन्धी विषयमा छलफल कार्यकम सम्पन्न भएको छ ।

४ निकट भबिष्यमा यस मन्त्रालय मातहतका आयोजना तथा कार्यकमको प्रगतिको समीक्षा, समस्या र समाधानको उपाय समेत पहिल्याउने उद्देश्यले सरोकारवाला जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतका बिभिन्न निकाय तथा पदाधिकारीहरुलाई सहभागी गराई ५ वटै बिकास क्षेत्रमा क्षेत्रीयगोष्ठी गर्ने कार्यकम तय भएको र सो कार्यकममा श्रीमान सचिवज्यूको समेत प्रत्येक क्षेत्रमा भ्रमण हुने ब्यबस्था गरिदैछ ।

५ मन्त्रालयका सहसचिव श्री केदार न्यौपानेद्धारा कपिलबस्तु, सुनसरी,रसुवा, नुवाकोट ,पाल्पा,गुल्मी, अर्घाखाँची,प्यूठान, कैलाली र कञ्चनपुर जिल्लाहरुमा मन्त्रालय अन्तरगतका पुर्निर्माण तथा राहत कार्यक्रमको निरीक्षण गरी समयमा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न कार्यान्वयन निकाय तथा पदाधिकारीलाई निर्देशन दिनुका साथै स्थानीय शान्ति समिति र सरोकारवालाहरुसँग अन्तरकिया कार्यकम सम्पन्न गरिएको छ ।

६. भ्रमण प्रतिवेदनमा उल्लिखत सुझावहरुलाई आवश्यकतानुसार तत्काल सम्बन्धित शाखा, महाशाखा, वा सरोकारवाला कार्यान्वयन निकायमा पठाई कार्यान्वयन गर्न परिपत्र गर्ने वा सुझावहरुको समग्र निचोड तयार गरी संयुक्त बैठकमा राखी छलफल गर्ने परिपाटी अपनाईएको छ ।

७ माननीय मन्त्रीज्यूको भ्रमणको कार्यकम तथा प्रतिवेदन सम्बन्धमा तहाँ कार्यालयबाट नै कारवाही हुने हुँदा सो सम्बन्धी कुनै सल्लाह, सुझाव, परामर्श वा निर्देशन भएमा प्राप्त हुन अनुरोध छ ।

(प्रेमप्रसाद संजेल)

उपसचिव

*<u>वोधार्थ तथा</u>* <u>कार्यार्थ</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,शान्ति समन्वय महाशाखा सिंहदरबार ,काठमाण्डौं ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,आर्थिक बिकास महाशाखा सिंहदरबार ,काठमाण्डौं । कमशः::: ३ पानामा

श्री राष्ट्रिय योजना आयोग, गरिबी अनुगमन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोग, अनुगमन तथा मूल्यांकन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषिसडक विभाग **(DOLIDAR)**,जावलाखेल ललितपुर ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल काठमाण्डौ ।

श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ ।

श्री द्वन्द व्यवस्थापन महाशाखा,

श्री प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा,

श्री राहत तथा पुनस्थापन महाशाखा,

श्री कानून तथा सञ्चार महाशाखा,

श्री शान्ति संयन्त्र समन्वय महाशाखा, शान्ति तथा पुननिर्माण मन्त्रालय सिंहदरबार काठमाण्डौ ।

श्री शान्ति कोष सचिवालय, नेपाल औषधी लिमिटेड भवन बबरमहल, काठमाण्डौ ।

श्री पूर्वाधार पुनर्निर्माण महाशाखा ( द्वण्द्वोत्तर पुर्निर्माण परियोजना ) नेपाल औषधी लिमिटेड भवन बबरमहल, काठमाण्डौ ।

श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ ।

श्री द्वन्द प्रभावित व्यक्ति,परिवार तथा संरचनाको लगत संकलन कार्यदल ,बबरमहल काठमाण्डौ ।